# मण्डली सदस्यता भनेको एक कार्यालय र काम हो ।

**परिचय :**
लामो समयदेखि परम्परागत रुपमा ख्रीष्टियन समुदायले पास्टरहरु र डिकनहरुलाई मात्र मण्डलीको अधिकृत अथवा अधिकार प्राप्त व्यक्ति मानिन्दै आएको छ । कारण धर्मशास्त्रमा पनि पाष्टर र डिकनहरुले गर्नुपर्ने जिम्मेवारीलाई स्पष्ट बताइएको छ ।  साथै मण्डलीको पाास्टर वा अगुवा भएको कारणले उहाँहलाई गरिने आज्ञा पनि परमेश्वरको वचनमा नै स्पष्ट दिइएको पाइन्छ । वास्तवमा, मानिसहरुले मण्डलीमा अधिकार प्राप्त व्यक्तिहरुलाई आदर सम्मान गर्छन, होइन त ? (१ तिमोथी ५:१७) । आज धमशास्त्रमा अगुवा पाष्टरको भुमिका मात्र नभएर हामी मण्डलीका साधरण सदस्यहरुको पनि जिम्मेवारी उत्तिकै रहेको छ । मण्डलीका सदस्यहरुको मतलब आफैमा कुनै कार्यालय वा काम हुन्छ र हामीले निर्वाह गर्नुपर्ने भुमिका पनि उत्तिकै रहन्छ ।

आज मण्डलीको साधरण सदस्यले गर्नुपर्ने जिम्मेवारीमध्ये सातवटा जिम्मवारीलाई हामी हेर्नेछौं जुन तल निम्न अनुसार दिएका छन्-

## १. मण्डलीमा निरन्तर सहभागिता जनाउनु ।

परमेश्वरको राज्यमा चुनिएका हामी जो बप्तिसमा पाएका मण्डलीको साधरण सदस्यहरुको जिम्मेवार यो हुन्छ कि हामी मण्डलीको हरेक हप्ताको संगतीमा निरन्तर सहभागिता जनाउनुपर्छ । बाइबले कुन संगती भनेर स्पष्ट रुपमा नबताएता पनि हामीलाई एकसाथ भेला भएर एक-अर्कालाई प्रभुको बचन अनुसार प्रेममा उत्साह दिने, र परमेश्वरको राज्यको विषयहरुमा कुरा गरेर विश्वासलाई दह्रो बनाउन धर्मशास्त्र बाइबले हामीलाई सिकाउँछ । हिब्रूका लेखकले यसरी भन्दछन्, *“हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं । कति जनाको संगतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं । तर प्रभुको दिन नजिक आइरहेको तिमीहरुले देखेका हुनाले एउटाले अर्कालाई झन प्रोत्साहन देओ ।”* (हिब्रू १०:२४-२५)

त्यतिमात्र नभएर बाइबल धर्मशास्त्रले यो पनि स्मरण गराउँदछ कि । *हिब्रू १०:२६-२७ “किनकि यदि सत्यताको ज्ञान पाएर पनि हामीले जानी-जानी पाप गर्‍यौं भने पापको निम्ति अब उसो अरु कुनै बलिदान रहँदैन, तर इन्साफको डरलाग्दो प्रतीक्षा र विरोधीहरुलाई भस्म गर्ने क्रोधको अग्नि मात्र रहनेछ ।”* हामी यो जान्दछौ कि वचनले भनेअनुसार हामी एक-अर्कालाई उत्साह दिनुपर्छ तर यो त्यतिखेर मात्र सम्भव छ जतिखेर हामी एकसाथ भेला भएर परमेश्वरको वचनबाट सिक्दछौं । यसैकरण हामी प्रत्येक ख्रीष्टमा बचाइएका मानिसहरुले एकसाथ मण्डलीमा सहभागिता जनाउनुपर्छ । यदि हामीले निरन्तर मण्डली सहभागिता जनाउन सक्दैनौं भने हामी अरु बाकीँ छ ओटा जिम्मेवारीहरुलाई कुनै पनि हालतमा पुरा गर्न सक्दैनौ ।

## २.सु-समाचारलाई सुरक्षित गर्न मदत गर्नु ।

परमेश्वरको राज्यमा चुनिएका हामी जो बप्तिसमा पाएका मण्डलीको साधरण सदस्यहरुको जिम्मेवार भनेको सुसमाचारलाई सुरक्षित गर्ने र सुसमाचारीय सेवकाईको मण्डली बनाउने हो । उदाहणको लागि पावललाई लिन सकिन्छ कि कसरी उनले गलातीको मण्डलीलाई गलत सुसमाचारमा विश्वास गरेको कारण आफु छक्कपरेको कुरा बताउँछन् (गलाती १:६)। यो कुरा

पावले मण्डलीका पाष्टर वा डिकनहरुलाई मात्र भनेका होइन तर मण्डली सदस्यहरु । अझ उनले यो आज्ञा दिन्छन् कि "*हामिले प्रचार गरेका सुसमाचारको बिपरीत हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गर्‍यो भने पनि त्यो व्यक्ति श्रापित होस्* । यसको मतलब गलत सुसमाचर ल्याउने व्यक्तिहरुलाई हामीले सिधै अस्विकार गर्नुपर्छ (गलाती १:८) ।

आजको अवस्थामा, पावलको लेखाईको मतलब के होला त ? यसको मतलब यो हुन जान्छ कि हामी ख्रीष्टलाई साँचो रुपमा विश्वास गर्ने व्यक्ति हौँ भने साँचो सुसमाचारको बारेमा अध्ययन गरेर सुसमाचारलाई पूर्ण रुपमा बुझ्न आवश्यक छ । के तपाई सुसमाचरलाई एक मिनेटमा व्याख्या गर्न सक्नुहुन्छ ? के तपाई विश्वास र कामको सम्बन्धबिचको भिन्नतालाई प्रष्ट पार्न सक्नुहुन्छ ? के एक विश्वासीले आफ्नो पापको पश्चाताप नगरी परमेश्वरमा त्यस्तै जीवन जिउन सक्छ ? यदि सक्छ भने किन सक्छ वा सक्दैन भने किन सक्दैन ? किन आज एउटा विश्वासीले त्रिएक परमेश्वरको बारेमा राम्ररी बुझेर त्यसको प्रमाण दिनु आवश्यक छ ? किन आज मण्डलीले आफ्नो चिनारी र सेवाकाइलाई राजनीति संगठनहरुबाट टाढा राख्नुपर्छ ? यस्ता प्रकारका प्रश्नहरुको उत्तर आज हामी प्रत्येक ख्रीष्टियन, वा मण्डली सदस्यहरुलाई सुसमाचारलाई सुरक्षित गर्नको खातिर थाहा हुन आवश्यक छ ।

यसको मतलब यो होइनकी यी प्रश्नहरुको उत्तर तपाई आफु एक्लैले खोज्नुपर्छ, तर यी प्रश्नहरुको उत्तर मण्डलीको पाष्टर र मण्डलीमा सेवा गर्ने व्यक्तिद्धारा सिकाइनु आवश्यक छ । यदि यस्ता प्रकारका सुसमचारीय सेवकाई मण्डलीमा छैन भने तपाई एउटा असल मण्डलीमा हुनुहुन्न् । त्यसैले हामीले सुसमाचारलाई जोगाउने हो भने हामी आफैले सुसमाचारलाई बुझेको अनि मण्डलीमा र विश्वासी जीवनमा सुसमाचारको किन आवश्यक पर्छ भन्ने कुरालाई बुझ्न आवश्यक छ । मण्डली सदस्यहरुलाई म यो जानकारी होस् भन्ने चाहान्छु कि यी प्रश्नहरुको बारेमा हामीले शक्तिशाली बप्तिस मण्डलीमा मण्डलीको नियमित आरधनाको सेवाकाई साथै घरेलु संगति र अन्य कार्यकमहरुबाट हामीले सिकाउँदै आएका छौँ । आशा छ हामीले यसको लाभ उठाउदै प्रभुमा अगाडि बढिरहेको छौँ ।

**३.सुसमाचारीय नागरिक भएको प्रमाण दिन मद्दत गर्नु ।**

परमेश्वरको राज्यमा चुनिएका हामी जो बप्तिसमा पाएका मण्डलीको साधारण सदस्यहरुको जिम्मेवार भनेको सु-समाचारको सुरक्षा गर्ने र सुसमाचारीय सेवकाई मण्डलीद्धारा सुसमाचारीय जीवन जिएर एउटा असल सुसमाचार बोकेको नागरिक भएको प्रमाण दिनु वा सुसमाचारको आज्ञामा नहिँडेको नागरिकलाई निकाला गर्नु हो । अनुशासनको कुरामा यहाँ पावलले कोरिन्थीको एल्डरहरुलाई भनेको होइन तर मण्डली आफैलाई भनेका हुन् (१कोरन्थी ५:१-१३; २ कोरिन्थी २:६-८)। त्यसैगरी मण्डलीमा कसलाई मण्डली सदस्यको रुपमा स्वीकार गर्ने र कसलाई विदा गर्ने भन्ने अधिकार मण्डली सदस्यहरुलाई हुन्छ । यो आज्ञा हामीलाई ख्रीष्टले दिनुभएको छ । वास्तवमा यो जिम्मेवारी भनेको मण्डली सदस्यहरुको बैठमा बसेर नयाँ सदस्य थप गर्दा मतदान दिएको जस्तो सजिलो छैन । यो एकदमै गहन र गाह्रो विषयको काम हो । जसको लागि धेरै कामको आवश्यकता पर्छ । मतलब एकअर्कालाई हामीले राम्रो सँग बुझेको हुनुपर्छ र हरेक मण्डली सदस्यहरुले हप्ताको सातै दिन तपाईलाई जान्न सकुन् । तपाई आफुले थाहा नपाएको मण्डली सदस्यको बारेमा सिधै यो मान्छे खराब छ र मण्डली सदस्यता बाट खारेज हुनुपर्छ भनेर भन्न सक्नुहुन्न । यो त तपाईको ईमान्दारिताले पनि दिदैन । यसको मतलब तपाईले प्रत्येक मण्डली सदस्यहरुको बारेमा सबै

कुरा थाहा पाउनुपर्छ भन्न खोजेको होइन तर यो हामी सामुहिक रुपमा गर्छौं । तर हामीले हाम्रो सङ्गी मित्रहरुको बारेमा नजिकबाट थाहा गर्ने माध्यमहरु चाहिँ खोज्नुपर्छ ।

परमेश्वरको वचनले हामीलाई यहाँ स्पष्ट पार्छ, जस्तो लेखिएको छ *'भातृ-प्रेमसँग एकअर्कालाई प्रेम गर । आफूलाई भन्दा बढी अरुलाई आदर गर । जोशमा पछि नहट । पवित्र आत्मामा प्रज्वलित होओ, प्रभुको सेवा गर्दैरहो । आफ्नो आशामा आनन्द गर, संकष्टमा धैर्य धारण गर, प्रार्थनामा निरन्तर लागिरहो । सन्तहरुको खाँचोमा सहायता देओ, अतिथिसत्कार कायम राख ।' (रोमी १२:१०-१३)* आज यो वचनलाई मनन गर्दै एकअर्काप्रति जिम्मेवार सदस्य बन्न आवश्यक छ ।

**४. सदस्यहरुको बैठमा सहभागिता जनाउनु ।**

सुसमाचारलाई बचाउने काम र सुसमाचारीय नागरिक भएको प्रमाण कसरी देखाउनु भएको छ ? त्यसको आधार भनेकै मण्डली सदस्यहरुको बैठकमा निरन्तर सहभागिता जनाएर नै हो । अरु मण्डलीहरुले अन्य तरिकाले निर्णय गर्छन् होला जुन ठिकै छ । तर जस्तोसुकै स्थान र समय तपाईको मण्डलीले सुसमाचारको बारेमा निर्णय गर्छ । "के" (सुसमाचारको सिद्धान्त) "कसलाई" (सुसमाचरको मानिसहरुलाई) तपाई त्यहाँ हुनैपर्छ । वास्तवमा तपाईले आफ्नो अफिसको काम तबसम्म गर्न सक्नुहुन्न जबसम्म तपाई अफिस आउनुहुन्न । कतिपय अवस्थामा सदस्यहरुको बैठक के खाने, के किन्ने साथै कसले नराम्रो गऱ्यो भन्ने कुरामा नै विवाद हुदै सदस्य बैठक सिमित हुने गदर्छ । तर प्रभुको अनुग्रहले हामी यस्ता मण्डलीहरु पनि देख्नसक्छौ जहाँ सदस्यहरुको बैठक एकदम राम्रो, पारिवारिक वातावरणमा उत्साहजनक रुपले हुने गर्दछ । यस्तो हुनुमा मण्डलीको सदस्यहरुको बैठकमा पष्टरीय जिम्मेवारीमा उहाँहरुले बनाउनु भएका भुमिकामा पनि भर पर्ने हुन्छ । बैठको निम्ति योजना र तपाईहरुको सहभागिताले पनि उत्तिकै महत्व खेल्छ । सो मण्डली सदस्यहरु हामी हरेक मण्डलीको बैठमा सहभागि हुन आवश्यक छ ।

**५.अन्य मण्डली सदस्यहरुलाई चेला बनाउनु**

परमेश्वरको राज्यमा चुनिएका हामी जो बप्तिसमा पाएका मण्डलीको साधरण सदस्यहरुको जिम्मेवार भनेको सु-समाचारको सुरक्षा गर्ने र सुसमाचारीय सेवकाई मण्डलीद्धारा सुसमाचारीय जीवन जिएर एउटा असल सुसमाचार बोकेको नागरिक भएको प्रमाण मण्डली अन्य सदस्यहरुलाई चेला बनाएर हो । तपाईले बुझ्नुपर्ने कुरा चहिँ एफिसी ४:१५-१६ अनुसार प्रेममा सत्य बोल्दै ख्रीष्टसम्मै बढ्दैजाने कुरा गर्दछ । जुन मण्डलीलाई निमार्ण गर्नुपर्ने हो त्यो मण्डली वृद्धिको लागी परमेश्वरको वचनको सेवाकाई अति नै अपरीहार्य रहेको छ ।

केहि पद पछि पावले लेखेका छने *'यसकारण झुट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एक-अर्काका अंगहरु हौं (एफिसी ४:२५)।* जब साँचो सुसमाचारको विषयमा हामिले हाम्रो छिमेकी मण्डलीहरुलाई सिकाउछौं । हामीले सिकाएको परिणाम उनिहरुको आत्मिक वद्धिमा सहयोग पुग्छ । अरुलाई परमेश्वरको सुसमाचारको वृद्धिमा अगाडि बढाउने हो भने हाम्रो बोलीवचन असल हुन आवश्यक छ । जसै परमेश्वरको वचनले भन्दछ *तिमीहरुको मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मिठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरुलाई अनुग्रह मिलोस् (एफिसी ४:२९)* । साथै हामीमा अरु व्यक्तिहरुको कुरालाई पनि सुन्ने बानी बसाल्नुपर्छ । के तपाई सुन्नलाई तयार

हुनुहुन्छ ? विश्वासीहरुको आधारभूत सहभागिता चाहिँ अरु विश्वासीहरुको वृद्धिमा हुन्छ जुन खीष्टले दिनुभएको महान आज्ञा अर्न्तगत रहेको छ ।

**६. विश्वास गनरेकाहरुलाई सुसमाचर प्रचार गर्नु ।**

यदि दोस्रो आदमको मिलनबाट परमेश्वरले तपाईलाई राजकीय पुजाहारी हुन बोलाउनु भएको छ भने तपाईको सम्पूर्ण जीवनमा सुसमाचारलाई वचनमा र काममा देखापर्नु आवश्यक छ । पावलले राजदूतहरु हौ भनेर कोरिन्थीको मण्डलीलाई भनेका छन् । उहाँले हामीलाई मेलपिलापको सन्देशको बारेमा प्रतिज्ञा गर्नुहुन्छ । त्यसैकारणले हामी खीष्टको खातिर दूतहरु हौँ । एउटा कुरा यो निश्चित छ कि परमेश्वरले हामीद्धारा अनुरोध गरिहरनु भएको छ । हामी खीष्टको तर्फबाट मेलमिलाप गराउन अनुरोध गर्छौं (२ कोरिन्थी ५:१९$_{ख}$-२०)।

हरेक खीष्टियनहरुको मेलमिलाप परमेश्वरसँग उहाँको पूत्रद्धारा भएको छ । र हामी सबैले मेलमिलापको सन्देशं प्राप्त गरेका छौ । त्यसैकारण हामी सधैं प्रार्थनामा सबै पापीहरुको मेलमिलापको परमेश्वरसँग होस् भनेर प्रार्थना गर्छौं । त्यति मात्र नभएर हामी परमेश्वरको साँचो सुसमाचार प्रचार गर्छौं । परमेश्वरको राज्यको सुमाचार अविश्वासीहरुलाई सुनाउनुपनि मण्डली सदस्यहरुको महत्वपूर्ण जिम्मेवारी वा काम हो र आज्ञा पनि हो जुन खीष्टले दिनुभयो "जाओ र चेला बनाओ" (मत्ती २८:२९)।

**७. मण्डली अगुवालाई पछ्याउने ।**

सन्तहरुलाई यी माथिका सेवाको छ वटा जिम्मेवारीको काममा सुसजित पार्ने मुख्य भूमिका चाहिँ मण्डलीका पाष्टरहरुको हो । यदि पास्टरले सुसमाचारलाई नै मण्डलीमा सिकाई रहेको छैनन् भने वा सुसमाचारको मार्गमा मण्डलीलाई अगाडि बढाएको छैन भने साथै मण्डली सदस्यहरुको जिम्मेवारीलाई राम्रो सँग सिकाइरहेका छैनभने येशू खीष्टले दिनुभएको मण्डली प्रतिको जिम्मेवारी राम्रो सँग निवार्ह गर्नसक्ने अवस्था अझ झिनो हुन्छ । यसको मतल हामी विश्वासी मण्डलीको एक सदस्य भएपछि मण्डलीको अगुवा वा पाष्टरहरुको निर्देशन र परामर्शबाट लाभ उठाउन सक्नुपर्छ । भनाइको मतलब अगुवाहरुको आज्ञालाई पछ्याउनुपर्छ । जस्तै २ तिमोथी १:१३ पावलले तिमोथीलाई यो स्पष्ट बताउँछन् कि *"खीष्ट येशूमा भएको विश्वास र प्रेममा तिमीले मबाट सुनेका साँचा कुराहरुका नमुनाको अनुसरण गर ।"* आज हामीले पनि हाम्रो अगुवा वा पाष्टरहरुले सिकाउनुहुने साँचो शिक्षाको अनुशरण गर्ने हुनुपर्छ । त्यति मात्र हैन तर उहाँहरुको जीवनको शिक्षा, चरित्र, जीवनको लक्ष्य, विश्वास, धैर्य, प्रेम, सतावट, दुःखको अवस्थालाई पनि हामीले पछ्याउनुपर्छ (२ तिमोथी ३:१०-११) । मण्डली सदस्यहरु भनेको बुद्धिमान छोरा-छोरी जस्तै हुनुपर्छ, जसले परमेश्वरको भय र आज्ञालाई मानेर बुद्धि, सम्पन्नता र जीवन प्राप्त गर्छन् । यो जीवन भनेको सुन चादिँ भन्दा पनि बहुमुल्यको हुन्छ । मण्डलीको सदस्य भएपछि हाम्रो अगुवाहरुको साँचो अनुशरण गर्ने र उहाँहरुलाई पछ्यार उहाँहरुले सिकाउनुभएको मार्गमा हिड्नुपर्ने हुन्छ ।

**निष्कर्ष :**

मण्डली सदस्य भएपछि यस्ता प्रकारका जिम्मेवारीलाई हामीले बुझ्न आवश्यक छ । सदस्यको मतलब मण्डली जाने आउने मात्र नभएर धमशास्त्र अनुशार दिएको आज्ञालाई ईमान्दारी भएर पालना गर्नु हो । जसै हामीले अज मण्डली सदस्यहरुको भुमिको बारेमा थाहा गरेका छौं । आशा गर्दछु अब आउने बाकिँ दिनहरुमा यस कुरालाई गम्भिरतापुर्व लिएर हाम्रो जीवनमा लागु गरिनेछौं । परमेश्वरले हामी सबैलाई आशिवार्द दिनुभएको होस् ।